**नेपाल सरकार**

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

**बुद्धनगर, काठमाण्डौ ।**

### गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेडको बचतको अनलाईन मागदावी आवेदन पेश गर्ने बारेको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०३/१५ गते**

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८१/०३/०६ को निर्णयानुसार गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेडलाई सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा गरी सोही ऐनको दफा १०५ बमोजिम उक्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष लेखी आएकोले सहकारी ऐन, २०७४ को दफा ११२ बमोजिम समस्याग्रस्त संस्था वा संघका सदस्य बचतकर्ता तथा साहुहरुलाई आफूले पाउनु पर्ने रकमको यस समितिको वेवसाइट www.coopmc.gov.np मा गई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र अनलाईन मागदावी आवेदन मार्फत् सप्रमाण दावी पेश गर्नु हुन सम्बन्धित सरोकारवालहरुको नाममा यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

**बुद्धनगर, काठमाण्डौ ।**

### गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेडका बचतकर्ता, ऋणी, सञ्चालक तथा सरोकारवालाहरुलाई जरुरी सूचना

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८१/०३/०६ को निर्णयबाट समस्याग्रस्त घोषणा भै सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न यस समितिसमक्ष लेखी आएकोमा सोही ऐनको दफा १११(१) बमोजिम सो सहकारी संस्थाको सञ्चालक समिति, व्यवस्थापन तथा कर्मचारीको अधिकार स्वतः निलम्बन हुने हुँदा निम्नानुसारको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ :-

- सञ्चालक तथा कर्मचारीले सो सहकारीसँग सम्बन्धित सम्पूर्ण कागजात तथा सम्पत्तिहरु यस समितिसमक्ष बुझाई कार्यालय बन्द गर्नुको साथै कुनै पनि कारोवार नगर्नु नगराउनु हुन ।
- सञ्चालक र कर्मचारीले यस समितिसमक्ष उपस्थित भै आवश्यक सहयोग गर्न हुन ।
- ऋणी सदस्यहरुले यस समितिमा सम्पर्क राखी ऋण भुक्तानी गर्नु हुन साथै साविक सञ्चालक/कर्मचारीसँग भुक्तानी सम्बन्धी कारोवार नगर्नु हुन ।
- वचतकर्ताहरुले वचतसँग सम्बन्धित सम्पूर्ण प्रमाणहरु सुरक्षित राखी यस समितिबाट मागदावी निवेदन आवेदनको सूचना जारी भएपछि यस समितिसमक्ष निवेदन पेश गर्नु हुन ।
- समस्याग्रस्त घोषित संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि समितिको कार्यालयसँग मात्र काम कारवाही गर्नु हुन ।
- विस्तृत एवं अध्यावधिक सूचनाको लागि यस कार्यालयको Website– coopmc.gov.np हेर्नु हुन ।